नेपाल सरकार
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखा
सानोठिमी, भक्तपुर ।

फोन नं. {०१-६६३७६७७
फ्याक्स नं. {०१-६६३७६७७

पत्र संख्या : ०७८/७९
च.नं. : ४६६

मिति :- २०७८।१२।२३

**विषय :- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।**

श्री स्थानीय तहहरु ।
श्री विद्यालयहरु ।
(राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमसंग सम्बन्धित)

प्रस्तुत बिषयमा चालु आ.व. ०७८/७९ को वार्षिक कार्यक्रम अनुसार ब.उ.शि.न. ३५०००१०९ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि छनौट भएका विद्यालयको भवन निर्माणका लागि बिनियोजित बजेट स्थानीय तहमा हस्तान्तरण भई सकेको ब्यहोरा अवगतै छ । यस सम्बन्धमा मिति २०७८।१२।१४ गतेको मन्त्री स्तरीय निर्णयबाट स्वीकृत राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका कृयाकलापहरुको कार्यान्वयन कार्यक्रम कार्यान्वयन प्रकृया (PIM) मा उल्लेख भए अनुसार संचालन गर्न हुन साथै भवनको डिजाईन ड्रईङको हकमा देहाय अनुसार गर्न / गराउन हुन मिति २०७८।१२।२१ को निर्णयानुसार अनुरोध छ ।

**तपसिल**

१. विद्यालयको २ कोठे, ४ कोठे र ८ कोठे भवनको नमुना डिजाईन ड्रईङ यस केन्द्रको वेबसाईट www.cehrd.gov.np मा राखिएको छ । उल्लेखित २ कोठे, ४ कोठे तथा ८ कोठे भवन मध्ये आफ्नो विद्यालयको लागि प्राप्त कार्यक्रम बमोजिम डिजाईन ड्रईङको छनौट गरी उक्त डिजाईन ड्रईङ सम्बन्धित स्थानीय तहबाट स्विकृत गराई निर्माण कार्य संचालन गर्न / गराउन सकिने छ ।
२. शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालय, केन्द्रिय आयोजना कार्यान्वयन ईकाई काठमाण्डौले तयार पारेको २ कोठे र ४ कोठे बिद्यालयको भवनको डिजाईन ड्रईङ ( ईकाईको वेबसाईट www.moepiu.gov.np बाट प्राप्त गर्न सकिने) समेत सम्बन्धित स्थानिय तहबाट स्विकृत गराई निर्माण कार्य संचालन गर्न / गराउन सकिने छ ।
३. सम्बन्धित बिद्यालयको आवश्यकता, स्थानिय तहमा उपलब्ध स्रोत साधन, भौगोलिक अवस्थिति आदि आधारमा माथि उल्लेखित डिजाईन ड्रईङ परिमार्जन वा परिवर्तन गर्नु पर्ने भएमा समेत राष्ट्रिय भवन निर्माण संहिता तथा अन्य प्रचलित ऐन, कानुन, मापदण्ड प्रतिकुल नहुने गरी सम्बन्धित स्थानीय तहबाट स्विकृत गराई परिमार्जन वा परिवर्तन गर्न सकिने छ । यसरी डिजाईन ड्रईङ परिमार्जन वा परिवर्तन गर्दा माथि उल्लेखित डिजाईन ड्रईङमा भएको कक्षाकोठाको क्षेत्रफल भन्दा कम क्षेत्रफल भएको कक्षाकोठा डिजाईन गर्न पाईने छैन ।
४. विद्यालयको भवन निर्माण गर्दा उपलब्द बजेट अपर्याप्त भएमा स्थानीय तह वा अन्य निकायबाट स्विकृत लागत अनुमानका आधारमा रकम थप गर्न सकिने छ र सोको जानकारी यस केन्द्रमा पठाउनु पर्ने छ ।

...................................
मोहन बहादुर बि.क.
इन्जिनियर

मोहन बहादुर बि.क.
ईन्जिनियर

Email Address- cehrd.ss@gmail.com